नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्डः ५ संख्या : १ दल्ली जाजरकोट मितिः२०७८।०९।२४

भाग÷४

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## आर्कष्मिक कोष सञ्चालन सम्बन्धी निर्देशिका, २०७८

सम्वत २०७८ सालको निर्देशिका नं १

कार्यपा[illegible]बाट पारित मिति २०७८।०९।२३

**प्रस्तावना :** गैर प्राकृतिक विपद् तथा नलगाड नगरक्षेत्र भित्रका गरिव, विपन्न नागरिकहरु, पदाधिकारी, र कर्मचारीको स्वास्थ्य उपचारमा सहज गराउन, जेष्ठ नागरिक, असहाय, अपांग र घातक रोग पीडितलाई आर्थिक सहायता प्रदान गर्न सो लाई मितव्ययी, पारदर्शी, नियमित र न्यायोचित वनाउन नलगाड नगरपालिकाको आधारभुत स्वांस्थ्य तथा सरसफाइ सम्वन्धी ऐन २०७५ (संसोधन सहित) को दफा ३९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि नलगाड नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यो निर्देशिकाको नामः (१) नलगाड नगरपालिकाको आकष्मिक कोष सञ्चालन सम्बन्धी निर्देशिका, २०७८ रहेको छ ।

(२) यो निर्देशिका नलगाड राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः

क) नगरपालिका भन्नाले नलगाड नगरपालिका सम्झनु पर्दछ ।

ख) नगर कार्यपालिका भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

ग) "कोष" भन्नाले नगरपालिकाको आर्थिक सहायता कोष भन्ने बुझ्नुपर्दछ ।

घ) "आर्थिक सहायता" भन्नाले नगरपालिकामा स्थायी वसोवास गर्ने नेपाली नागरिक, निजमा आश्रित परिवारका सदस्यहरु, निर्वाचित पदाधिकारीहरु, तथा नगरपालिकामा कार्यरत कर्मचारीलाई प्रदान गरिने आर्थिक सहायता (नगद तथा जिन्सी) सम्झनु पर्दछ ।

ङ) "ऐन" भन्नाले नलगाड नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाइ ऐन २०७५ संसोधन सहित सम्झनुपर्दछ ।

च) "निर्देशिका" भन्नाले नलगाड नगरपालिकाको आकष्मिक कोष सञ्चालन सम्वन्धी निर्देशिका २०७८ लाइ सम्झनु पर्दछ ।

छ) "सञ्चालक समिति" भन्नाले आकष्मिक कोषको सञ्चालक समिति सम्झनुपर्दछ ।

ज) "पदाधिकारी" भन्नाले नगरपालिकाका निर्वाचित नगर प्रमुख, उप प्रमुख, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य एवं नगर कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

झ) "कर्मचारी" भन्नाले नगरपालिका अन्तरगतका नगर कार्यपालिकाको कार्यालय, शाखा, उपशाखा तथा विभिन्न कार्यालयहरु, सेवा केन्द्र, वडा कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनुपर्दछ । सो शब्दले नगरपालिकामा रहेका सरकारी तथा सामुदायिक शैक्षिक संस्थाहरुमा कार्यरत वेतनभोगी जनशक्ति समेतलाई जनाउनेछ ।

ञ) "नागरिक" भन्नाले नलगाड नगरपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक सम्झनु पर्दछ । यस निर्देशिका प्रयोजनका लागि सो शब्दले निज नागरिका आश्रित परिवारका सदस्यहरु एवं नलगाड नगरपालिकाको सरहद भित्र फेला परेका स्थायी ठेगाना पत्ता नलागेका व्यक्तिहरुलाई समेत जनाउँछ ।

ट) गैर प्राकृतिक विपद् भन्नाले हत्या, महामारी, अनिकाल, कीट वा सुक्ष्म जिवाणु आतंक, हवाई, सडक, जल, औद्योगिक दुर्घटना डढेलो, आगलागी, विषाक्त ग्याँस, रसायन ग्याँस वा विकिरण चुहावट, ग्याँस विस्फोटन विषाक्त खाद्य सेवन

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

भौतिक संरचनाको क्षति वातावरण प्रदुषण वन विनाश घातक रोगबाट संक्रमण अङ्ग भङगता, जायजेथा गम्भीर क्षति तथा चरम गरिवी समेतलाई सम्झनुपर्दछ ।

ठ) लाभग्राही समूह प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुको समूहलाई जनाउनेछ ।

**३. कोषको उद्देश्यः** यस कोषको उद्देश्य नलगाड नगरपालिकाका विपन्न नागरिक, असहाय वालवालिका, अपांग, जेष्ठ नागरिक, पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुको संविधान प्रदत मौलिक हक तथा मानवोचित जीवनयापन प्रत्याभूति गर्न सघाउ पुर्‍याउनु तथा तत्कालीन राहतको व्यवस्था गरी लोक कल्याणकारी राज्यको सामाजिक सुरक्षाको दायित्व निर्वाह गर्नु रहेको छ ।

**४. कोषमा जम्मा हुने रकमः**

क. नलगाड नगरपालिकाको विनियोजन ऐनद्धारा विनियोजित रकम,

ख. नगर सभा, नगर कार्यपालिकाको वैठकबाट विनियोजित रकम,

ग. आर्थिक सहायताका लागि नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्था एवं दातृ निकायबाट प्राप्त हुने रकम।

घ. कार्यपालिकाको निर्णय वमोजिम साविकका सरकारी तथा गैरसरकारी क्षेत्रका यस्तै प्रकृतिका कोषबाट हस्तान्तरण गरिएको रकम,

ङ. अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

**५. आर्थिक सहायता कोष सञ्चालक समितिः** यस कोषको सञ्चालक समिति देहाय बमोजिमको हुनेछः

| | |
|---|---|
| क. नगर प्रमुख- | अध्यक्ष |
| ख. नगर उपप्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ङ. स्वास्थ्य तथा सरसफाइ शाखा संयोजक | सदस्य |
| च. चिकित्सक प्रतिनिधी | सदस्य |
| छ. सामाजिक विकास शाखा | सदस्य |
| ज. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| झ. विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य -सचिव |



नगर कार्यपालिकाको कार्यालय नलगाड ... जाजरकोट कर्णाली प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

६. **सञ्चालक समितिको बैठकः**

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिमा अध्यक्ष सहित पाँचजना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

ग. समितिको बैठकमा कानुन बमोजिम बैठक भत्ता उपलव्ध गराउन सकिनेछ ।

घ. बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **कोषको सञ्चालनः**

क. कोषमा प्राप्त हुने रकम बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

ख. बैंक खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

ग. कोषको खर्च रकमको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशासन शाखाको हुनेछ ।

८. **कोषको उपयोगः** यस कोषमा जम्मा भएको रकम निम्न क्षेत्रमा खर्च गर्न सकिनेछ ।

क. **राहत तथा आर्थिक सहायताः** (१) गैर प्राकृतिक विपद्बाट नगर क्षेत्रभित्र कुनै व्यक्तिको मृत्यु भएमा किरिया खर्च वापत एकमुष्ट रु १५,०००|० अक्षरुपी पन्ध्र हजार राहत उपलव्ध गराउन सकिनेछ ।

ख. **उपचार खर्चः** अर्वुद रोग , मृगौला, Parkinson's and Alzheimer's, Head and Spinal Surgery र मुटुरोग प्रमाणित भएमा मान्यता प्राप्त चिकित्सकको सिफारिसको आधारमा यातायात खर्च वापत एकमुष्ट रु २०,०००|० अक्षरुपी बीस हजार उपलब्ध गराइनेछ ।

ग. नलगाड नगरपालिका क्षेत्रभित्रमा कुनै बेवारिसे शव प्राप्त भएमा शव ढुवानी, पोष्ट मार्टम र दाहसंस्कार गर्ने प्रयोजनका लागि एकमुष्ट रु. १५,०००|० अक्षरुपी पन्ध्र हजारसम्म सहायता रकम उपलव्ध गराउन सकिनेछ ।

घ. नलगाड नगरपालिका क्षेत्रभित्र गैर प्राकृतिक तथा सवारी दुर्घटना भई तत्काल उद्दार गर्नुपर्ने भएमा घाइते तथा बिरामीहरुलाई उपचार स्थलसम्म पुर्‍याउन एम्बुलेन्स सेवाका लागि स्थानको आधारमा अधिकतम रु. १५,०००|० अक्षरुपी पन्ध्र हजारसम्म सहायता उपलब्ध गराउन सकिनेछ ।

ङ. नलगाड नगरपालिका क्षेत्रमा कुनै बालबालिका बेवारिसे, अनाथ र संरक्षक समेत कोही नभएको अवस्थामा सम्बन्धित वडा कार्यालय र नगर प्रमुखको सिफारिसमा स्वास्थ्य

नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल

उपचारको लागि प्रति बालबालिका एकमुष्ट रु. १००००।० अक्षरुपी दश हजार सहायता उपलव्ध गराउन सकिनेछ ।

च. नलगाड नगरपालिका क्षेत्रका ७० वर्ष माथिका जेष्ठ नागरिक घरबार विहीन भइ स्वास्थ्य उपचार गर्न समस्या भएको अवस्थामा सम्बन्धित वडा कार्यालय र नगर प्रमुखको सिफारिसमा स्वास्थ्य उपचार गर्नको लागि एकमुष्ट रु. १००००।० अक्षरुपी दश हजार सहायता उपलव्ध गराउन सकिनेछ ।

छ. नलगाड नगरपालिका क्षेत्रिभित्रका बासिन्दा विपन्न, गरिव, असहाय भइ स्वास्थ्य उपचार गर्न समस्या भएको अवस्थामा सम्बन्धित वडा कार्यालय र नगर प्रमुखको सिफारिसमा स्वास्थ्य उपचार गर्नको लागि यातायात खर्च वापत विरामीको अवस्था अनुसार दुइ हजार देखि पाँच हजारसम्म सहायता उपलव्ध गराउन सकिनेछ ।

९. **नजिकको हकदारः** (क) आर्थिक सहायता लिन सम्वन्धित व्यक्ति आउन नसक्ने अवस्था रहेमा नाता प्रमाणित कागजातहरुको आधारमा नजिकको नाता पर्ने व्यक्तिलाइ समेत आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

ख. उल्लेखित क्रमका कुनै हकदार पत्ता नलागेको अवस्थामा अन्य व्यक्तिलाई कुनै पनि राहत वा आर्थिक सहायता दिन सकिने छैन ।

**१० . आर्थिक सहायताको निर्णयः**

क. कुनै व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाइने छैन । तर यस निर्देशिकाको दफा ८ को (क) देखि (छ) बमोजिमको सहायता रकम नगर कार्यपालिकाको कार्यालयले निर्णय वेगर सोझै भुक्तानी दिन सक्नेछ ।

ख. आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक पुष्ट्याइँ गर्ने कागजात पेश गर्नुपर्नेछ ।

ग. कोषमा मौज्दात रकमको अवस्था हेरेर मात्र आर्थिक सहायताको निर्णय गर्नुपर्नेछ ।

घ. कोषमा २० प्रतिशत भन्दा कम रकम मौज्दात रहने गरी आर्थिक सहायता प्रदान गर्न पाइने छैन ।

ङ. कोषबाट गरिने आर्थिक सहायताको निर्णय सामान्यतया समितिको बहुमतबाट हुनेछ ।

च. समितिबाट बहुमतले निर्णय हुन नसकेमा वा हुन नसक्ने अवस्था रहेमा अध्यक्षको निर्णय अन्तिम हुनेछ । तर यस वापत्को दायित्व निजले नै बेहोर्नुपर्नेछ ।

**११. आर्थिक सहायताको प्राथमिकताः**

- अशक्त विरामीहरु
- अपाङ्गता भएका व्यक्तिहरु
- जेष्ठ नागिरिक
- राजनितीक आन्दोलनका क्रममा शहिद घाइते तथा वेपत्ता भएका व्यक्तिहरु
- विविध कारणवस विस्थापनमा परेका घरबार बिहिन
- गैर प्राकृतिक विपत तथा विपतबाट पीडित व्यक्ति
- नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई घातक रोग लागि स्वास्थ्य उपचार गर्नु परेमा ।

१२. **निर्देशिकामा संशोधनः** सञ्चालक समितिको सिफारिसमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले निर्देशिकामा संशोधन गर्न सक्नेछ।

१३. **अनुगमन सम्वन्धी व्यवस्थाः** यो निर्देशिकामा तोकिए बमोजिम आर्थिक सहायता सम्बन्धी कार्यको नगर प्रमुखको संयोजकत्वमा सामाजिक विकास समितिको संयोजक, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुख रहेको एक अनुगमन संयन्त्र रहनेछ ।अनुगमन सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. कोषको लेखा तथा लेखापरीक्षणः**

क. यस कोषको लेखा नेपाल सरकारको स्वीकृत मापदण्ड तथा प्रकृया बमोजिम राख्नुपर्नेछ ।

ख. कोषको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखको हुनेछ ।

ग. नगरपालिकाको आन्तरिक लेखापरीक्षकले कोषको आन्तरिक लेखापरीक्षण गर्नेछ ।

घ. कोषको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट गरिनेछ ।

**१५. बाधा अड्काउ फुकाउनेः** यस निर्देशिकामा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ।

१६. **यसै बमोजिम भएको मानिने** : यो निर्देशिका कार्यान्वयन हुनुभन्दा अगाडीको सहायता यसै बमोजिम भएको मानिनेछ ।

१७. **खारेजी** नलगाड नगरपालिकाको आर्थिक सहायता सम्वन्धी निर्देशिका २०७४ खारेजी गरिएको छ ।

अनुसूची –१

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय हुती, जाजरकोट कर्णाली प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

आर्थिक सहायता माग गर्दा भर्नुपर्ने फाराम

श्री कार्यालय प्रमुख ज्यू,
नगर कार्यपालिकाको कार्यालय,
नलगाड नगरपालिका, जाजरकोट ।

विषयः **आर्थिक सहायता पाऊँ भन्ने बारे** ।

महोदय,

मेरो

..........................................................................

भई मृत्यु/घाईते/बिरामी भएको हुँदा रु. ..................................... आर्थिक सहायता पाऊँ भनी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

1. नेपाली नागरिकताको प्रमाण पत्र
2. जन्मदर्ता प्रमाण पत्र
3. नाता प्रमाणित प्रमाण पत्र र संक्षरक प्रमाणित
4. मृत्यू दर्ताको प्रमाण पत्र
5. प्रहरी मुचुल्का
6. वडा कार्यालयको सिफारिस
7. हालसालै खिचेको दुइ प्रति फोटो
8. रोग पहिचान हुने चिकित्सकको सिफारिस पत्र
9. आवश्यकता अनुसारका अन्य कागजातहरु

निवेदक

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल